# पूर्वखोला गाउँपालिका कार्यालय

## सार्वजनिक सुनुवाई कार्यक्रम प्रतिवेदन

### आ.वं.२०८२/०८३ प्रथम चौमासिक




**प्रतिवेदन पेश गर्ने संस्था**

पाल्पा विकास केन्द्र,

तानसेन

## कार्यक्रमको भूमिका

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिन्छ । सार्वजनिक सुनुवाई कुनै पनि समूह तथा संस्थाको पारदर्शिता र जिम्मेवारीलाई सुदृढ गर्न अपनाइने एउटा सहभागितामूलक प्रक्रिया हो । सूचनाको आदानप्रदान तथा प्रश्नोत्तर विधिबाट स्थानीय समुदायलाई आफुले गरेका कामको मुल्याङकन गर्ने अवसर प्रदान गर्ने एक विधि पनि हो । सार्वजनिक सुनुवाईबाट आएका सवालहरू तथा सिफारिस गरिएका बिषयहरू क्रमिक रुपमा कार्यान्वयन गरिन्छ । आवधिक रुपमा पुनरावलोकन तथा समिक्षा गरिन्छ नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरूको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्बन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले व्यवस्था गरेको छ । सुशासन ( सञ्चालन तथा व्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले सञ्चालन गरेका हरेक गतिविधिहरूको बारेमा नागरिकहरूलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाई गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेको छ । स्थानीय नेतृत्वको विकास गदै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालन ऐन व्यवस्था गरेको छ । सोही विधेयकको परिच्छेद-१० को आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने व्यवस्थामा सार्वजनिक सुनुवाईको व्यवस्था गरेको । स्थानीय तहहरूले सार्वजनिक सुनुवाई सम्बन्धि आफै कार्यविधि तयार गरी कार्यान्वयन गरिरहेका छन् । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरू सार्वजनिक गर्दै सुधारात्मक पक्षहरूको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरूको गुनासो तथा जिज्ञासाहरूको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाई सञ्चालन गरिएको थियो । सार्वजनिक सुनुवाईले सुशासन, पारदर्शिता र जवाफदेहिता बृद्धिमा महत्वपूर्ण औजारको काम गर्दछ । यसले नागरिकको अधिकार स्थापित गरी विकासलाई न्यायोचित ढङ्गले वितरण गर्न मार्गनिर्देशन हुनेछ । गाउँपालिको कार्यसम्पादनलाई चुस्त र सुदृढ बनाउन, सार्वजनिक सेवाप्रवाहलाई सेवाग्राहीमैत्री बनाउन र जनस्तरबाट पृष्ठपोषण प्राप्त गर्न सार्वजनिक सुनुवाईले सहज बनाएको छ । सोही अनुसार पूर्वखोला गाउँपालिका सार्वजनिक सुनुवाई कार्यक्रम २०८२  पौष १८ गते शुक्रबार दिन गाउँपालिका केन्द्र रिङ्गनेरहमा पाल्पा विकास केन्द्रको सहजिकरणमा सम्पन्न भएको छ ।

## सार्वजनिक सुनुवाईको उद्देश्य

- गाउँपालिकाको सेवा उपभोग गर्ने क्रममा आइपर्ने समस्याका बारेमा सर्वसाधारणले खुलेर आफ्ना समस्या राख्ने अवस्था सिर्जना गर्ने ।
- गाउँपालिकाले गरेका कार्यक्रम, प्रगति, आइपरेका समस्याका बिषयहरू पालिकाबासीसम्म पुऱ्याउने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवामा भएका गुनासाहरू, स्पष्ट नभएका बिषयहरूको सम्बोधन गदै प्रभावकारी तथा सेवाग्राहीमैत्री बनाउने उपायको खोजी गर्ने ।

- गाउँपालिका र नागरिक बीचको सम्बन्धलाई थप सुधार गर्ने ।

**सहजिकरण संस्था र व्यक्ति :**

पाल्पा विकास केन्द्र, तानसेन

सहजकर्ता : कृष्ण पोखरेल र किरण कौशल

**सार्वजनिक सुनुवाईको कार्य विवरणहरू :**

- प्रश्न निर्माण तथा आवश्यक तयारी ।
- सार्वजनिक सुनुवाई सहजिरकण ।
- सेवाग्राहीहरूसंग सेवाका बारेमा प्रश्नावलीहरू ।
- प्रतिवेदन निर्माण ।

**सार्वजनिक सुनुवाई स्थाल :**

पूर्वखोला गाउँपालिका केन्द्र, रिङ्नेरह पाल्पा, गाउँपालिका सभाहल

**सार्वजनिक सुनुवाई कार्यक्रमको मिति**

२०८२ पौष १८ गते शुक्रबार भएको थियो ।

**सार्वजनिक सुनुवाईमा सहभागी संख्या**

कार्यक्रममा १३५ जनाको सहभागी रहेको थियो ।

**सार्वजनिक सुनुवाई सञ्चालन गरिएको समयावधि**

कार्यक्रम समय अवधि ४:४५ घण्टा रहेको थियो ।

**सार्वजनिक सुनुवाई कार्यक्रममा समावेश विषयहरू :**

- गाउँपालिकाबाट सेवाग्राहीहरूलाई उपलब्ध गराइएका वा गराइने सेवा सुविधाहरूको बारेमा जानकारी समावेश गरिएको प्रतिवेदन प्रस्तुत,
- गाउँपालिकासँग सम्बन्धित समस्या, जनगुनासो तथा उजूरी,
- गाउँपालिकाले चालु आर्थिक बर्षमा प्राप्त उपलब्धीहरू र आगामी आार्थिक वर्षमा सञ्चालन गर्न लागिएका योजना, परियोजना, कार्यक्रम, बजेट आदिका बारेमा सम्बन्धित सरोकारवाला तथा अन्य नागरिकलाई बिस्तृत जानकारी दिने विषय,
- गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमले परेको सकारात्मक वा नकारात्मक प्रभावबारे मूल्याङकन गर्ने विषय,
- अघिल्लो सार्वजनिक सुनुवाईमा औल्याइएका विषयमा भएका सुधार तथा उपलब्धीहरू ।

## सार्वजनिक सुनुवाईको ढाँचा र व्यवस्था :

- पूर्वखोला गाउँपालिका अध्यक्ष नून बहादुर थापाको अध्यक्षता,
- **गाउँपालिका उपाध्यक्ष भागिरथी शर्मा भट्टराईले स्वागत मन्तव्य राख्दै :** गाउँपालिकाको पारदर्शिता सुशासन, जवाफदेहितालाई ध्यानमा राखेर जनताका गुनासाहरू प्रत्यक्ष थाहा पाउन र पालिकाबाट भएका कमिकमजोरीलाई सच्चाउन सार्वजनिक सुनुवाई गरिएको छ । यहाँहरूले निर्धक रुपमा पालिकाको सेवाप्रवाह, बजेट कार्यक्रम र विकास निर्माणका बारेमा गुनासा राख्नुहुनेछ भन्ने अपेक्षा छ ।
- गाउँपालिकाबाट प्रवाह गर्ने सेवा, सुविधा, बजेट कार्यक्रमको बारेमा प्रमुख प्रशासकिय अधिकृत राजु नेपालद्वारा सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुतिकरण,
- गाउँपालिकाले आर्थिक बर्ष २०८२/०८३ को प्रथम चौमासिक र २०८२ पौष १८ गतेसम्म पालिकाले सञ्चालन गरेका गतिविधि, प्रगति, सुधार गरिएका बिषय, समाधान गर्न खोजिएका समस्याहरू, भावी योजना र सेवा प्रवाहमा देखिएका जटिलता आदी ।
- सार्वजनिक सुनुवाई कार्यक्रमको आचारसंहिताबारे जानकारी,
- नागरिक प्रतिवेदन पत्र भाग १ र भाग २,
- निर्गम अभिमत संकलन प्रस्तुती,
- जिज्ञासा, सुझाव संकलन र प्रश्न उत्तर खुल्ला ।

## नागरिक प्रतिवेदन पत्र भाग-१

**यसमा ६ वटा बिषय क्षेत्र भित्र २१ वटा प्रश्न सेवाग्राहीसंग सोधिएको थियो ।**

| **बिषय क्षेत्र** | **अवस्था** |
|---|---|
| १. सेवाको सन्तुष्टि | पालिकाले दिने सेवाप्रतिको सन्तुष्ट ४० प्रतिशत, ठिकैमा ६० प्रतिशत र असन्तुष्ट भन्ने देखिएन । कर्मचारीको व्यबहारमा सन्तुष्ट ५० प्रतिशत र ठिकै ५० प्रतिशत भएकाले सन्तुष्टलाई बढाउने र ठिकैलाई घटाउने तर्फ वडा कार्यालय र पालिकालले अझै ध्यान केन्द्रीत गर्नुपर्ने देखिन्छ । |
| २. सेवाको नियमितता | नागरिक वडापत्रमा उल्लेख भए अनुसार सेवा प्राप्त गर्न लागेको समय प्रति ४५ प्रतिशत सन्तुष्ट र ५५ प्रतिशत ठिकै मत देखियो । कार्यालय नियमित रुपमा पदाधिकारी र कर्मचारीको उपस्थितीमा ७० प्रतिशत विश्वस्त ३० प्रतिशत ठिकै भन्ने देखियो । सेवा लिदा अतिरिक्त रकम तिर्न नपरेको र औसत कार्य गर्दा लागेको समय १ दिन ४० प्रतिशत, २ दिन ५० प्रतिशत र १० प्रतिशत धेरै दिन भन्ने देखियो ।<br>**नागरिकलाई सकेसम्म एकै दिनमा सेवा लिन पाउने अवस्था सिर्जना गर्न कर्मचारी र जनप्रतिनिधिले ध्यान दिनुपर्ने देखिन्छ । नागरिक वडापत्र बारेमा थप प्रचारको खाँचो देखियो ।** |

| | |
|---|---|
| ३. सेवाप्रतिको जनविश्वास | पालिकाले दिने सेवाप्रतिको जनविश्वासमा ६० प्रतिशत विश्वस्त, ४० प्रतिशत ठिकै र अविश्वस्त भन्ने पाईएन । कार्यालयले प्रदान गर्ने सेवाका बारेमा अरुलाई जानकारी ४० प्रतिशतले, ५० प्रतिशतले ठिकै र १० प्रतिशतले नगरेको पाईयो । कर्मचारी प्रति विश्वास धेरै ६५ प्रतिशत र ठिकै ३५ प्रतिशत र विश्वास छैन भन्नेमा कुनै मत पाईएन । कार्यालयले विपन्नलाई विनियोजन गरेको कार्यक्रम बारेमा ६० प्रतिशतले थाहा छ र ४० प्रतिशतले थाहा छैन र अलिअलि थाहा छ भन्ने भेटिएनन । ***पालिका तथा वडाले कार्यक्रम र बजेट बारेमा आम नागरिकसम्म सन्देश पुऱ्याउन जरुरी छ ।*** |
| ४. सेवाको गुणस्तर | सेवा लिन जादा कार्यालयले दिएको जानकारीबाट ७० प्रतिशत सन्तुष्ट, २० प्रतिशत कम सन्तुष्ट र १० प्रतिशत असन्तुष्ट देखियो । कार्यालयमा आफै सेवा लिन आउने ७५ प्रतिशत, कर्मचारी र जनप्रतिनिधी मार्फत २५ प्रतिशत रहेको पाईयो । पालिकाले जनतामैत्री सेवाप्रवाह गर्न अझै कर्मचारी र जनप्रतिनिधिहरूको क्षमता विकास तथा आवश्यक परामर्श आवश्यक देखियो । कार्यालयमा एउटा कामको लागी ४० प्रतिशतले एक पटक, ४० प्रतिशतले २ पटक र २० प्रतिशतले अवस्था हेरिकन भनेका छन । ***कार्यालयले दिने जानकारी अझै बढाउनु पर्ने देखिन्छ । सबै काम एकै पटकमा सक्ने गरी कार्यालयले वातावरण मिलाउन आवश्यक व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।*** |
| ५. सेवासम्बन्धि जनकारी | कार्यालयको भौतिक अवस्था ६० प्रतिशतले अतिराम्रो, ४० प्रतिशतले ठिकै भने राम्रो नभएकोमा कसैले पनि बताएनन् । कार्यालयमा भएको नागरिक वडापत्र बारेमा ६० प्रतिशतले जानकारी भएको, २० प्रतिशतले आंशिक रुपमा जानकारी भएको र २० प्रतिशतले कुनै जानकारी नभएको बताए । कार्यालय र सेवाग्राही बीचको सम्बन्ध ४० प्रतिशत अति राम्रो, ५० प्रतिशत ठिकै र १० प्रतिशत खासै राम्रो छैन भन्ने मत पाईयो । सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको सहभागीका बारेमा ५० प्रतिशतले २० प्रतिशत भन्दा माथी, १० प्रतिशतले ५० प्रतिशत भन्दा माथी र ४० प्रतिशतलाई यो विषयमा थाहा नभएको बताए । सभाबाट कानून बनाउने बेलामा प्रतिनिधित्व बारेमा ५० प्रतिशतले हुने गरेको, ३० प्रतिशतले ठिकै हुने गरेको २० प्रतिशतले साहै कम हुने गरेको मत देखिएकोले पालिकाले दिने सेवासम्बन्धि जानकारी नागरिकस्तरमा कम पुगेको देखियो ।<br>***पालिकाले नागरिकलाई जानकारी दिने समयन्त्र र प्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ । कानून निर्माणका बेलामा सम्बन्धि पक्षको सहभागिता बृद्धिमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।*** |
| ६.नागरिक वडापत्र/उजुरी | सेवाग्राहीले नागरिक वडापत्रको उपयोग ६० प्रतिशतले गरेको र २० प्रतिशतले कम प्रयोग गरेको र २० प्रतिशतले नगरेको देखियो । गाउँपालिका र सेवाप्रदायकले |

| | |
|---|---|
| पेटिकका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा, | नागरिक बडापत्र अनुरुप ५० प्रतिशतले धेरै, ४० प्रतिशतले कम र १० प्रतिशतले अतिकम भन्ने मत आएको छ । उजुरी पेटिकाको प्रयोग ७० प्रतिशले भएको छैन भनेका छन्, भने २० प्रतिशतले ठिकै भएको र १० प्रशितले धेरै प्रयोग भएको उल्लेख गरेका छन् । नागरिक वडा पत्रका बारेमा सबै नागरिकसम्म चेतना अभिबृद्धि गर्नुपर्ने देखिन्छ ।<br>***नागरिकहरुले गुनासा राख्ने र उजुरी पेटीका मार्फत उजुरी दिने वातावरण सिर्जना गर्नुपर्ने । नागरिक वडापत्रको बारेमा सर्बसाधरण जनचेतना बढाउनु पर्ने देखिन्छ । नागरिक वडापत्रलाई वेभसाईट देखी पालिका तथा वडाको फेसवुक पेजमा राख्दा नागरिक सम्म सजिलै पुग्ने देखिन्छ ।*** |

*अनुसूचीमा विस्तृत विवरण समावेश छ ।*

## नागरिक प्रतिवेदन पत्र भाग -२

**४ वटा प्रमुख बिषय क्षेत्रमा २६ वटा प्रश्न सोधिएको थियो ।**

| बिषय क्षेत्र | अवस्था |
|---|---|
| १. सिफारिस सम्बन्धि | आवश्यक कागजातहरू बारेमा उत्तरदाताहरू मध्ये ६० प्रतिशतले ठिकै पाए, २० प्रतिशतले पाए र २० प्रतिशतले स्प्रष्ट नपाएको देखियो । ***आवश्यक कागजात बारेमा टोलटोल समुदायमा सचेतना अभियान तथा हाते पुस्तिका बनाएर वितरण गर्नु पर्‍यो ।*** कुनै पनि सेवाग्रहीले सिफारिस लिर्दा रकम तिर्न नपरेको बताएका छन् । सिफारिस लिन बारेमा उत्तरदाताहरू मध्ये ६० प्रतिशत आफै लिने गरेको र २० प्रतिशतले मध्यस्कर्ता र नेता/ठूलावडा मार्फत आउने गरेको देखिन्छ । २० प्रतिशतले राजश्व सबैसँग उठाउने गरेको र ४० प्रतिशतले सिमित व्यक्तिसँग र आयको आधारमा उठाउने गरेको बताएका छन । शुल्क र सेवा दस्तुर ६० प्रतिशतले सेवाग्राहीसँग र ४० प्रतिशतले कुनै कुनै सेवाग्राहीसँग उठाउने गरेको उल्लेख गरेका छन् ।<br>***समय सयम अनलाइन स्टिम नचल्दा अनलाइन सेवाहरु लिन सेवाग्रहीलाई समस्या भएको गुनासा आएका छन् ।*** |
| २.पुर्वाधार तथा सरसफाई सम्बन्धि | कार्यालयको सरसफाईबारेमा उत्तरदाताहरू मध्ये ५० प्रतिशत राम्रो र ५० प्रतिशतले ठिकै भनेका छन् । सेवाप्रवाह र कार्यसम्पादन सम्बन्धि गुनासो सम्बोधन ५० प्रतिशत उत्तरदाताले तुरुन्तै हुन्छ र ५० प्रतिशतले पटकपटक भनेपछि हुन्छ भन्ने उत्तर दिएका छन् । कार्यालयसँगै परिसरको सरसफाई नियमित रुपमा गर्नुपर्ने, समुदायस्तर र वडास्तर हुदैं पालिकास्तरमा पूर्ण ससफाई अभियान सञ्चालन प्रभावकारी बनाउनु पर्ने देखिन्छ । शहरीकरण भएका क्षेत्रमा फोहर व्यवस्थापनका नयाँ उपायको खोजी गर्नुपर्ने देखिन्छ । पालिकाले सडक छेऊमा राखेको डस्टबिन भने राम्रो देखिएको छ । कार्यसम्पादन सम्वन्धी गुनासोलाई तत्काल सम्बोधन गर्ने व्यबस्था मिलाउनु पर्ने देखिन्छ । |

| | |
|---|---|
| | पालिकाले पूर्वाधार सम्बन्धि कार्यक्रम बारेमा ६० प्रतिशत उत्तरदाताले ठिकै गर्छ र ४० प्रतिशतले नियमित र राम्रोसँग भन्ने उत्तर दिएका छन् ।<br>पालिकाको विकास निर्माणको स्थिति ७० प्रतिशतले ठिकै, ३० प्रतिशतले राम्रो भन्ने उत्तर दिएका छन् । पालिकाको आयोजना सञ्चालन अवस्था ६० प्रतिशतले ठिकै, २० प्रतिशतले प्रभावकारी र २० प्रतिशतले प्रभावकारी छैनन् भनेका छन् ।<br>आयोजनाको बील भुक्तानी २५ प्रतिशतलले सहज, ५० प्रतिशतले ठिकै र २५ अफ्ठयारो रहेको भनेका छन् ।<br>प्राविधिक सहयोग बारेमा ६० प्रतिशतले सजिलै पाइयो, ४० प्रतिशतले कहिलेकाँही उल्लेख गरेका छन् । स्टीमेट र मुल्यांकनमा बीच हुने असन्तुलनका बारेमा थप सहजिकरणको लागी उपभोक्ता तालिम आवश्यक देखिन्छ ।<br>पालिकाको विकास निर्माण बारेमा जानकारी ४० प्रतिशतले सजिलै पाइन्छ र ६० प्रतिशतले सोधेपछि पाइन्छ भनी उल्लेख गरे ।<br>पालिकाबाट आचारसंहिताको पालना भएकोमा ४० प्रतिशतले पालना भएको र ६० प्रतिशतले ठिकै पालना भएको उल्लेख गरेका छन् ।<br>योजना सञ्चालनमा पालिकाको २० प्रतिशतले सहयोग धेरै सहयोग पाएको र ८० प्रतिशतले ठिकै सहयोग पाएको उल्लेख गरेका छन् ।<br>पालिका र वडास्तरबाट हुने पुर्वाधार निर्माणमा प्राविधिक अनुगमन निरन्तर हुनुपर्ने देखिन्छ । योजनाको सञ्चालनमा पालिका र उपभोक्ता बीच अझै मैत्रीपूर्ण अवस्था सिर्जना गरेमा राम्रो हुने देखिन्छ । भुक्तानी दिने व्यवस्थामा सुधार भएपनि बैशाख भित्रै उपभोक्ता तथा ठेक्का योजना सक्ने गरी कार्ययोजना बनाएर काम गर्दा पालिकाको प्रगति राम्रो हुने देखिन्छ । |
| ३.वित्तिय, व्यवस्थापन र कार्यसम्पादन | पालिकाको आर्थिक स्रोत बारेमा ३० प्रतिशतले आवश्यक स्रोत उपलब्ध र ४० प्रतिशतले कम श्रोत उपलब्ध भएको र ३० प्रतिशतले अति कम श्रोत उपलब्ध भएको जवाफ दिएका छन् ।<br>काम गर्ने प्रणाली र प्रक्रिया बारेमा ५० प्रतिशते अति सरल र ५० प्रतिशतले ठिकै भएको जनाए । कर्मचारीमा वित्त व्यवस्थापन र परिचालनमा सीप बारेमा सोधिएको प्रश्नमा ८० प्रतिशतले आवश्यक सीप छ र २० प्रतिशतले आवश्यकता भन्दा कम छ भएको उल्लेख गरे<br>कार्यालयमा आम्दानी खर्च सूचना पार्टीमा टाँसेको बारेमा ४० प्रतिशतले टाँसको देखेको छु, ३० प्रतिशतले कहिलेकाही टाँसेको देखिन्छमा ३० प्रतिशतले खै कतै देखिएन भन्ने उल्लेख गरेका छन् । **पालिकाले मासिक आम्दानी र खर्च विवरण सूचनापार्टीमा टाँस गर्नुपर्ने सुझाव आएका छन् ।**<br>कार्य सम्पन्नको आधारमा मुल्यांकन भएको छ भन्ने बारेमा ३० प्रतिशतले ठीक मुल्यांकन |

| | |
|---|---|
| | भएको छ, ६० प्रतिशतले ठिकै मूल्यांकन हुने गरेको र १० प्रतिशतले कहिले पनि भएको थाहा छैन भनी उल्लेख गरेका छन् । उपभोक्ता सचेतना बढाउनु पर्ने देखिन्छ । कार्य सञ्चालन प्रतिको सन्तुष्टका बारेमा २५ सन्तुष्ट र ५० प्रतिशतले ठिकै र २५ प्रतिशतले कुनै जानकारी छैन भनी उल्लेख गरेका थिए । |
| ४. पारदर्शिता सम्बन्धी | बार्षिक नीति र कार्यक्रम बारेमा ३० प्रतिशतले धेरै जानकारी पाएको, ४० प्रतिशतले ठीकै जानकारी पाएको र ३० प्रतिशतले कम जानकारी पाएको जनाए । त्यस्तै ऐन, नियम र निर्णयका बारेमा ०० प्रतिशतले सार्वजनिक हुने बारेमा हुने गरेको, २० प्रतिशतले जानकारी नै छैन उत्तर दिएका छन् ।<br>सूचना सार्वजनिक हुने माध्यमका बारेमा ८० प्रतिशतले बेबसाइट र २० प्रतिशतले सार्वजनिक सुनुवाई रहेको उल्लेख गरे ।<br>पालिकाबाट तपाईले चाहेको विवरण पाउने सन्दर्भमा ६० प्रतिशतले सहजै पाएको र २० प्रतिशतले धेरै पटक भनेपछि र २० प्रतिशतले वास्ता नै गरिएन भन्ने उत्तरदाताहरुले जनाएका छन् ।<br>पालिकाको नियमित रुपमा सार्वजनिक सुनुवाई गरेको देखिन्छ । पालिकाले सामाजिक परीक्षण र सेवाप्रवाह मापदण्ड तयारी गर्नुपर्ने देखिन्छ । सार्वजनिक सुनुवाईका गरेका प्रतिबद्धता कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ । नियमित रुपमा खर्च सार्वजनिक गर्ने, भएका कार्यक्रम सामाजिक सञ्जालमा राख्ने प्रणालीको विकास गर्नुपर्दछ । कार्यपालिका बैठकका निर्णयपनि सार्वजनिक गर्ने परिपाटीको विकास गर्न सकेमा राम्रो हुने देखिन्छ । |

*अनुसूचीमा विस्तृत विवरण समावेश छ ।*

## बहिर्गमन अभिमत (Exit Poll) नतिजा

| सि. नं. | सेवाको नाम | मुल्याङ्कन | | | अवस्था |
|---|---|---|---|---|---|
| १ | सेवा लिनका लागि कोसँग सर्म्पक गर्ने भन्ने बारेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | *अति स्पष्ट ३५ प्रतिशत* | *ठिकै ५५ प्रतिशत* | अस्पष्ट १० प्रतिशत देखियो | अस्पष्ट १० प्रतिशत भएकालाई शुन्य बनाई अति स्पष्ट र अतिस्पष्ट र ठिकै प्रतिशत बढाउने तरिकाले सेवाग्राहीलाई जानकारी प्रदान गर्नुपर्ने । |
| २ | सेवा प्रदान गर्ने कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझ्े जस्तो लाग्यो ? | अति धेरै *३५ प्रतिशत* | ठिकै *६५ प्रतिशत* | थोरै *० प्रतिशत* | ठिकै भन्नेलाई न्यूनिकरण गरी अति धेरै भन्नेलाई बढाउन जरुरी छ । |
| ३ | सेवा प्रदायक कर्मचारीले | मिलनसार | ठिकै | अभद्र | मिलनसार र मैत्रीपूर्ण छन् |

| | | | | | |
|---|---|---|---|---|---|
| | कस्तो व्यवहार गरे ? | र मैत्रीपूर्ण ३० प्रतिशत | ७० प्रतिशत | ० | भन्नेलाई बढाउनु पर्ने देखियो । |
| ४ | सेवा प्राप्त गर्ने आवश्यक सूचनाहरु र प्रमाण, कागजात र शुल्क बारेमा सेवा प्रदान गर्ने कर्मचारीले स्पष्ट गरे की ? | अति स्पष्ट गरिदिए ३५ प्रतिशत | ठिकै ६५ प्रतिशत | अलमल/ अस्पष्ट ० | कर्मचारीहरुले अति स्पष्ट तरिकाले सेवाग्राहीलाई स्पष्ट पारे भन्नेलाई बढाउनु पर्ने देखिन्छ । |
| ५ | तपाईले राख्नु भएको समस्यालाई के-कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट ३५ प्रतिशत | ठिकै ६५ प्रतिशत | समाधान दिन सकेनन् ० प्रतिशत | अति सजिलो तरिकाले समस्याको समाधान दिए भन्ने पक्षलाई बढाउनु पर्ने देखिन्छ । |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के-कस्तो लाग्यो ? | अति सजिलो ३० प्रतिशत | ठिकै ६० प्रतिशत | लामो र झन्झटिलो १० प्रतिशत | लामो र झन्झटिलो पक्षलाई शुन्य बनाई अति सजिलो र ठिकै गरी भन्ने पक्ष बढाउनु पर्ने देखिन्छ । |

**गाउँपालिकको योजना कार्यक्रम अवस्था :**

- गाउँपालिका भित्र चालु आर्थिक बर्षमा ३२९ वटा योजना र कार्यक्रम सञ्चालनका लागी तय भएको छ । जसमध्ये हालसम्म ९५ वटा सम्झौता, १४ वटा सम्पन्न भएको छ । यसलाई हेर्दा योजनाको सम्झौताका लागी निश्चित मिति तोकेर त्यसभित्र गर्नुपर्ने व्यवस्था लागु गर्न सकिए राम्रो हुने देखिन्छ । पालिकाको हालसम्म खर्च २४.७२ प्रतिशत भएकाले पुजिँगत खर्च बृद्धिका लागी ध्यान दिनुपर्ने देखिन्छ ।
- ठेक्का मार्फत सञ्चालन हुने योजनाहरूमध्ये २ वटा सम्झौता भएको, १३ वटा ठेक्काको सूचना भई मुल्यांकनको क्रममा रहेको छ । अब २ वटा जति थप ठेक्का खुल्न सक्ने देखिन्छ । ठेक्का व्यवस्थापनको काम लगभग सम्पन्न भएको देखिन्छ ।
- नयाँ भवनबाट सेवाप्रवाह सुरु भएको छ, वडा नं. ३ को कार्यालय पनि साविकै भवनमा सर्न खोजिएको देखिन्छ ।
- सबै वडा उपभोक्ता समितिलाई तालिम सञ्चालन, बजार अनुगमन, लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियानमा विद्यार्थीसँग अन्तरक्रिया र स्वास्थ्य सामग्री वितरण गरिएको छ । स्थानीय तहमा हुने विवाद वडास्तरमा मेलमिलापकर्ताले मिलाउने गरेकाले पालिकास्तरमा कम मुद्दा आएको छ । बजार अनुगमनलाई निरन्तर गर्नुपर्ने सुझाव आएको छ ।

- गाउँपालिकाले जेसिवी र औषधी खरिदको कार्यको सम्झौता भएको छ । गाउँपालिकाले ५ लाख बढीको योजनाको अनुगमन गर्ने गरेको छ ।
- पालिकाले आन्तरिक आम्दानी बृद्धिका लागी खोलाहरूबाट गिट्टी बालुवा बिक्रीका लागी ठेक्का खुलाएको रमकखोलामा ठेक्का लागेको छ, भने पूर्वखोला र रेचे खोलामा तेस्रो पटक ठेक्का सूचना खुलाउनु पर्ने देखिन्छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट १०० दिनको रोजगारी ४९ जनाले दैनिक ७५४ पाउने गरी रोजगारकर्मी छनोट भएका छन् ।
- बैदेशिक रोजगारीमा जानेमध्ये २९ जनाको पालिकाबाट श्रमस्वीकृत प्रदान गरिएको छ । वैदेशिक रोजगारीमा सम्लग्न भई मृत्यु भएका ४ जना र अंङ्गभग भएका १ जनाको परिवारलाई आर्थिक सहयताका लागी र शैक्षिक छात्रबृत्तिका लागि १२ जनाको सिफारिस गरिएको छ ।
- शिक्षा क्षेत्रमा ४०४ जना शिक्षक र कर्मचारीलाई पालिकाले दुर्घटना बीमा गरिदिएको छ । विद्यालयहरूमा खेल प्रशिक्षकको व्यवस्था नियमित छ ।
- अभिभावक बिहिन पालिका भित्रका ३६ जना विद्यार्थीहरूलाई ५ हजारदेखि ९ हजारसम्म छात्रबृत्ति प्रदान गरिएको छ । कक्षा ११ र १२ मा अध्ययनरत १०० जना छात्रालाई प्रोत्साहन स्वरुप बार्षिक ३ हजार छात्रबृत्ति प्रदान गरिएको छ ।
- महिला शिक्षक सुत्केरी भएको अवस्थामा ९८ दिनसम्म सट्टा शिक्षक व्यवस्था गरिएको छ । जसमा हालसम्म ७ जनाले यो सुविधा लिएका छन् । शैक्षिक गुणस्तर सुधारमा अझै विद्यालय व्यवस्थापन समितिलाई सक्रिय बनाउने गतिविधि सञ्चालन गर्नुपर्ने सुझाव आएका छन् ।
- गाउँपालिकालाई बालमैंत्री घोषणाका लागि कार्यक्रम सञ्चालन सुरुवात गरिएको छ ।
- १५ शैंयाको अस्पताल निर्माणको अन्तिम चरणमा पुगेको छ । सिलुवामा स्वास्थ्य चौंकी भवन निर्माण सम्पन्न भएको छ । देविनगरमा स्वास्थ्य चौंकी भवन निर्माणका लागी जग्गा प्राप्ती भएको छ । खल्डुकभञ्जाङ्ग-विर्ताबजार सडकको साढे एक किलोमिटर पक्की भएको छ ।
- बाख्रापालन, हेक्लाङ्गमा तरकारी खेती, जल्पामा किवी खेती सहित कृषि उत्पादनमा क्रमिकरुपमा बृद्धि भएको छ । अझै नगदेबाली अदुवा, बेसार, अमिलो जातका कागती, सुन्तला र च्याउ उत्पादनमा जोड दिनुपर्ने देखिन्छ ।
- स्वास्थ्य क्षेत्रमा पोषणमैंत्री स्वास्थ्य संस्था मुल्यांकन गरिएको छ । गर्भवती महिलालाई भिडियो एक्सरे सेवा स्वास्थ्य चौंकीबाट प्रदान गरिएको छ । स्वास्थ्य कार्यालय पाल्पाले गरेको गतबर्ष कार्यसम्पादन मूल्यांकनमा प्रथम पालिका हुन सफल भएको छ ।
- सुर्तीजन्य पदार्थ बिक्री वितरण नियमनका लागी ऐन बनाएर कार्यान्वयन गर्ने प्रयास भएको छ । जसबाट नसर्ने रोग घटाउन मद्दत गर्ने अपेक्षा छ, तर पछिल्लो समय सबैभन्दा बढी नसर्ने रोग बढेकाले यसमा लगानी र सचेतना बढाउनु पर्ने देखिन्छ ।
- पालिकाको २०८२ पौष १३ सम्म जन्म २०२ जना, मृत्य १०० जना, विवाह ९९ जना, सम्बन्ध विच्छेद २४ जना, बसाई सरी आएको ६ परिवार र बसाई सरी जाने ४७ परिवार देखियो । त्यसैले सम्बन्ध बिच्छेद र बसाई सरी जानेको संख्यामा कमि ल्याउनु पर्ने देखियो ।

### गाउँपालिकाका सकारात्मक पक्षहरू

- वडा र पालिकास्तरबाट सेवाप्रवाह तुलनात्मक रुपमा सहज र सरल बन्दै गएको छ । जनप्रतिनिधिहरूको व्यवहार र गुनासो सम्बोधन गर्न बानी राम्रो भएको सेवाग्राहीबाट आएको छ । धेरै सेवाग्राहीले फोनबाट सर्म्पक गरेर कागजात लिएर आउने बानी परेको देखियो । पालिका र वडाहरूको सूचना र जानकारी सामाजिक सञ्जालमा पनि राख्ने गरेकाले केही सहज भएको अनुभुती गरेका छन् ।
- गाउँपालिकाले स्वास्थ्य, शिक्षा र कृषिका कार्यक्रमलाई प्राथमिकतामा राखेको छ । पशुपालन र कृषि क्षेत्रको उत्पादन बृद्धिमा पालिकाले सञ्चालन गरेका क्रियाकलापले समुदायस्तरमा सकारात्मक प्रभाव परेको अनुभूति भएको छ ।
- वडास्तरमा योजना सम्झौता वडाको ताकेताकाले योजना सञ्चालनमा उपभोक्ताको चासो बढेको देखिन्छ । योजनाहरू पनि सकेसम्म परेका छन् । ग्रामिण सडकहरूको स्तरउन्नती हुदै गएको छ ।
- वडास्तरमा चलेको घुम्ति शिविरमा सहभागी राम्रो भएकाले र स्थानीयले लाभ पाएको खुशी अनुभूति गरेका छन् । घुम्ति शिविर चाडवाड सकिएसँग गर्न पाए गाउँ फर्किएका व्यक्तिलाई पनि सेवा लिन सहज हुने बिषय उठेको छ ।
- देवीनगरमा शुक्रबार हाटबजार सञ्चालन भएकाले कृषि उत्पादन बिक्रीमा सहज भएको देखियो । अन्य वडास्तरमा पनि यस हाटबार सञ्चालन गर्न सकेराम्रो हुने देखिन्छ ।

### सेवाग्राहीहरूले राखेका जिज्ञासा र सुझावहरू

- पूर्वखोलामा सिंचाईको समस्या अझै भएकाले कतिपय फाँटहरूबाट सिंचाईको माग भएको तर प्रयाप्त बजेट नपरेको गुनासा आएका छन् । पालिकाले पूर्वखोला र अन्य विभिन्न स्थानमा चेक ड्याम बनाएर बृहत्त सिंचाई योजना सञ्चालन गर्ने योजना के भइरहेको छ ।
- कतिपय टोलमा अझै कुटानी पिसानी मिल नभएकाले यस्ता टोल हरेर किटानी पिसानी मिल दिनुपर्ने माग उठेको छ ।
- गोरेटोबाटोमा अझै कर्ल्भटहरूको आवश्यकता भएको र कतिपय अझै बस्तीसम्म नयाँ ट्‍क्याकको सडक खोल्नुपर्ने काम पनि वडा नं.४ बाट आएको छ । अझै पनि कतिपयबस्तीसम्म पुग्ने सडक अप्ठारा भएको ढलान गर्नुपर्ने आवश्यकता रहेको जनाएका छन् । गोरेटाबाटाहरूको नियमित स्तरउन्नती गर्नुपर्ने सुझाव आएका छन् ।
- समुदायस्तरमा रहेका कुवा र मुल मुहानको संरक्षण गरी खानेपानीलाई सहज बनाउनु पर्ने सुझाव आएका छन् ।
- पूर्वखोला पहुँच मार्ग समयमै निर्माणसम्पन्न नहुनुको कारण बारेमा समुदायस्तर विभिन्न बुझाइ रहेकाले यसलाई सहजिकरण गर्नुपर्ने देखिन्छ ।
- योजना सञ्चालनका लागि सम्झौता गर्ने क्रममा योजनाको लागत अनुमानका आधारमा लाग्ने करका बारेमा जानकारी दिए राम्रो हुने सुझाव आएको छ ।
- पालिकाको दररेट अनुसार काम गराउन ज्यामी नै नपाउने अप्ठारो छ । साथै कतिपय योजनाको मुल्यांकन समेत सोचेभन्दा कम आएकाले उपभोक्तालाई अप्ठारो पर्ने गरेको देखिन्छ ।

- योजना सञ्चालनमा उपभोक्ता समितिको लागत सहभागिता जुटाउन कठिनाइ हुने गरेको छ । साथै उत्कृष्ट काम गर्ने उपभोक्ताहरूलाई सम्मान गर्नुपर्ने व्यवस्था गर्नुपर्ने सुझाव आएका छन् । योजनाको अनुगमनलाई अझै चुस्त बनाउनु पर्ने सुझाव आएका छन् । उपभोक्ता समितिलाई योजनाको अवस्था हेरेर खरिद गर्नुपर्नेलाई पेश्कीको व्यवस्था गर्नुपर्ने सुझाव आएका छन् ।
- शिक्षाको गुणस्तर सुधारका लागी बिषयगत शिक्षकहरूलाई नतिजाका आधारमा पुरस्कार तथा दण्ड जरिवाना गर्ने व्यवस्था गर्न आवश्यक रहेको सुझाव आएका छन् । साथै विद्यालय परिसरलाई धुलोमुक्त बनाउने जरुरी रहेको सुझाव आएका छन् ।
- कृषि कार्यमा जंगली जनावर र बाँदरले दुःख दिन थालेकाले यसको नियन्त्रणमा ध्यान दिनुपर्ने सुझाव आएका छन् ।
- समुदायस्तरमा हलगोरु पाल्ने किसानलाई अनुदान दिने व्यवस्था गर्नुपर्‍यो, भैंसीमा पाडीहरूको संरक्षण कार्यक्रम सञ्चालन गर्नुपर्‍यो साथै पछिल्लो समय अवैध रुपमा गोरुहरू बिक्री हुने गरेका घटनाहरू आएको देखिएको छ ।
- पूर्वखोला भित्र रहेका परम्परागत पेशा व्यवसायको संरक्षणका लागी पालिकाले बिशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव आएका छन् । साथै सामुदायिक भवन नभएका स्थानमा सामुदायिक भवन निर्माणमा ध्यान दिनुपर्ने सुझाव आएका छन् ।
- गाउँमै रोजगारी सिर्जनाका लागी पुरुष केन्द्रित तालिमहरू सञ्चालन गर्न माग भएको छ । जस्तै पलम्बर, टायल मार्वल र बिद्युतीय सामग्री मर्मत आदी । महिलाहरुलाई लक्षित तालिम पनि एकै प्रकृतिको भन्दा एड्भान्स किसिमको वा तालिम लिएपछि रोजगारी वा व्यवसाय गर्न सक्ने बनाउनु पर्ने सुझाव आएका छन् ।
- विद्यालय समायोजनमा मुद्दा अझै पनि बेला बेलामा उठ्ने गरेको छ यसलाई रोक्ने प्रयास गर्नुपर्ने देखिन्छ ।
- पालिकास्तरमा खानेपानीका योजना सञ्चालन भएपनि योजनाले पूर्णता नपाएकाले खानेपानीको समस्या भएको स्थानीयहरुको भनाइ छ । साथै स-साना खानेपानी योजनामा समुदायलाई खानेपानीको पाइप व्यवस्थापन गर्न माग गरेका छन् ।
- पालिकामा साना योजनालाई कम गर्दै ठूला र उत्पादन, रोजगारी सिर्जना हुने योजना सञ्चालन गर्नेपर्ने माग उठेको छ । देवीनगरमा मकैं बीउ उत्पादन स्रोत केन्द्र भएपनि यसबर्ष मकैंमा रोग र किरा नियन्त्रण गर्न नसक्दा उत्पादन घटेको जनाएका छन् । कृषि उपजको भण्डारणका लागी सबैलाई पायक पर्ने स्थानमा कोल्डस्टोर सञ्चालन गर्न सकिएमा राम्रो हुने सुझाव आएका छन् ।
- बृद्धभत्ता वितरणलाई बैंकसँगको सहकार्यमा वडास्तरमै गर्न सकिएमा धेरै राहत हुने सुझाव आएका छन् ।
- स्वास्थ्य चौकीहरूमा औषधी सहज उपलब्धता बारेमा ध्यानदिनुपर्ने वा औषधी व्यवस्थापनमा टेण्डर प्रक्रियाको क्रमा आपुर्ति व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

## गाउँपालिकाको प्रमुख चुनौतीहरू

- संघीय र प्रदेश सरकारबाट प्राप्त हुने बजेट पुरै प्राप्त नहुने र पालिकाको पनि आन्तरीक स्रोत कम उठेकाले वित्तिय व्यवस्थापनमा चुनौती देखिन्छ । कानूनी अप्ठाराहरूले पालिका भित्रको ढुङ्गा र खोलाजन्य सामग्री पनि निकासी गर्न नसक्दा आन्तरिक आम्दानी कम भएको देखिन्छ ।
- बजारक्षेत्रको दिगो फोहर व्यवस्थापनमा पनि आगमी आर्थिक बर्षबाट कार्य गर्ने प्लाष्टिक जन्य फोहर संकलन गर्न र डम्पिङ्ग साइड बनाउने कार्यक्रम रहेको छ । सिंचाईका लागी कम्तमीमा २ स्थानमा डिप बोरिङ्ग सञ्चालन गर्ने लक्ष्य छ ।

## गाउँपालिकाले सुझाव/सुधार गर्नुपर्ने विषयहरू

- गाउँपालिकाले बालमैत्री कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । सन् २०३० सम्म सबै पालिकालाई बालमैत्री बनाउने राष्ट्रिय लक्ष्य रहेको छ ।
- गाउँपालिकाले स्थानीय उत्पादन, धान, गेडागुडी र अन्य कृषि उत्पादनको प्याकेजिङ्ग र लेवलिङ्ग गरेर बिक्री गर्न युवाहरूलाई प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।
- वडास्तर वा पालिकास्तरमा नागरिकहरूको चाहना सकेसम्म एक दिनमै काम वा सिफारिस होस् भन्ने छ । त्यसैले सेवाग्राहीलाई सहज, सरल र छिटो सेवाप्रवाह गर्न वडा सचिव र वडाध्यक्ष थप जिम्मेवार र संवेदनशिल हुन जरुरी छ ।
- खानेपानी योजना सञ्चालन भएका क्षेत्रमा पलम्बर तालिम सञ्चालन गरी स्थानीय जनशक्ति उत्पादनमा जोड दिनुपर्ने देखिन्छ ।
- उपभोक्ता समितिबाट उत्कृष्ट काम गर्ने उपभोक्ता समितिलाई सम्मान एंव पुरस्कृत गर्ने अभ्यासको थालनी गर्न सके राम्रो हुने देखिन्छ ।
  पभोक्ता समिति र स्थानीय उपभोक्तालाई योजना प्रति अपनत्व हुने अर्थात वडा र पालिकाले मेरा लागी सडक, खानेपानी र पुल बनाएको हो, यसबाट मलाई फाइदा हुने भन्ने अनुभुति दिलाउनु पर्ने देखिन्छ ।
- स्थानीय कच्चा पदार्थमा आधारित घरेलु उद्योगहरुको सञ्चालन र सीप विकासमा ध्यान दिनुपर्ने देखिन्छ । बाँसका सामग्रीका फर्निचार उत्पादन गर्न सकेको खण्डमा राम्रो बजार पाउने सम्भावना छ । पालिका भित्र अम्लिसो र दालचिनी उत्पादनको राम्रो सम्भावना देखिएकाले यसको प्रशोधन वा तयारी बस्तु बनाउन सकिएमा वा उद्योगसम्म सिधै निर्यात गर्न सकिने माध्यमको खोजी गर्नुपर्ने आवश्यकता देखिएको छ ।
- पालिकाले फेसबुक पेज र बुलेटिन मार्फत समुदायस्तरमा आफुले गरेका कार्यलाई पुऱ्याउन सके अझै राम्रो हुने देखिन्छ । वडा र पालिकास्तरबाट विनियोजन बजेट, सञ्चालन भएका कार्यक्रम, भएका विकास निर्माण र प्रदान गरिने सेवाका बारेमा थप प्रचार प्रसार गर्नुपर्ने देखिन्छ ।

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली जस्ता मुल्यांकन सूचकहरूलाई मद्दत हुने कार्यक्रम सञ्चालन, आवश्यक दस्तावेज, नीति निर्माण र अभिलेखिकरण गर्ने बानीको विकास पनि जरुरी देखिन्छ ।
- जल्पा होमस्टेबाट पाहुनाहरू फर्किने क्रममा उपहार सामग्री लिएर जाने व्यवस्था मिलाउने, जस्तै कुचो, टिमुर, बेसार र बाँसका सामग्री बनाउन जरुरी छ ।
- पालिकाको फेसबुक पेजमा अन्य मिडियामा आएका समाचारहरूको लिंक अलपोड गर्ने अभ्यास थाल्नुपर्ने देखिन्छ ।

## सहभागीहरूले राखेका प्रश्न र सुझावहरू

**ईश्वरी प्रसाद न्यौपाने नेकपा एमाले प्रतिनिधि :** पालिका भित्र जहाँ बढी खानेपानीको समस्या छ त्यहाँ पहिले बजेट राखेर समाधान गरौ, अन्य स्थानमा बिस्तारै योजनाको काम गरौ, विकासका योजनाहरू समस्या भएको ठाउँलाई प्राथमिकता दिने गरौं । पहुँचको भरमा बजेट र योजना वितरण गर्ने काम नगरौं । पालिकामा रहेको उद्बुद कलेजमा पालिका भित्रका सबै विद्यार्थी पढ्न आउने स्तरीय कलेज स्थापित गर्न सबै पक्ष जिम्मेवार भएर लागौं ।

**विष्णुमाया आचार्य, नेपाली काँग्रेस, गाउँपालिका सभापति** : पालिकाको बढ्दो बसाइसराईलाई कसरी रोक्न सकिन्छ, सबैसँग छलफल गरेर योजना ल्याउनु पर्‍यो । पालिकामा सबै किसिमका पुर्वाधारहरू तयार हुदै गएका छन् तर सेवा लिने जनता नै नभएपछि भौतिक पुर्वाधारहरूको के काम लाग्यो ? । कृषि तथा पशुपालनलाई बजेट कार्यक्रम बढाउनु पर्‍यो, उत्पादनमा आधरित अनुदान कार्यक्रम बढाउनु पर्‍यो । पालिका भित्र नसर्ने रोग बढ्दो क्रममा देखिएको छ, जनचेतनामूलक कार्यक्रमहरू ल्याउनु पर्‍यो । पानीका मुहानहरू संरक्षण कार्यक्रम ल्याउनु पर्‍यो । जनताको घर घरमा आएका खानेपानीको नियमित रुपमा परिक्षण गर्नुपर्‍यो ।

**भिम बहादुर सारु, नेपाली कम्युनिष्ट पार्टी, पालिका कमिटि अध्यक्ष :** योजनाहरू समानताको आधारमा भन्दा पहुँचको आधारमा वितरण भएका छन् । कार्यक्रम सबै पक्षलाई समान सहभागिता हुने गरी गरौ, योजनामा राजनीतिक भेदभाव देखिन्छ । पूर्वखोलाको लागी प्रदेशबाट योजना ल्याउदा पालिकाले त्यसमा त्यती ध्यान नदिएजस्तो लागेको छ । दिएका सुझावलाई ग्रहण गरेर अगाडी बढ्दा राम्रो होला ।

**पूर्ण बहादुर फाल, राष्ट्रिय जनमोर्चा नेपाल, पालिका कमिटि अध्यक्ष :** पालिकाबासीले सामाजिक सञ्जालमा गुनासो गर्नुभन्दा प्रत्यक्ष भेटेर गुनासो गर्दा प्रभावकारी हुनेछ । अहिले विद्यालय शिक्षामा अग्रेंजी भाषाको नाममा नेपाली संस्कार हराउदै गएको छ, विद्यालयमा नैतिक शिक्षा पढाउने बारेमा ध्यान दिनुपर्‍यो । पालिकाको काम सन्तोषजनक नै छ संघीय र प्रदेश सरकारबाट आउने बजेटमा धेरै भर पर्ने भएकाले सोचेअनुसारको विकास नभएको हो ।

**निलकण्ठ भट्टराई, निर्वतमान् वडाध्यक्ष** : वर्तमान् नेतृत्वको दोस्रो कार्यकाल हो, त्यसैले पालिकाले लिएका नीति कार्यक्रम पुरा गर्न सहज भएको छ । त्यसैले जनअपेक्षा अनुसार सेवा र विकास निर्माणमा ध्यान दिन

सुझाव छ । कतिपय समस्या र गुनासा छन् होलान् त्यसलाई सम्बोधन गर्न सक्नु पर्दछ । स्वास्थ्य चौंकीमा केही समय केही औषधी पाइएन भन्ने गुनासालाई कार्यपालिकाले ठेक्का प्रक्रिया लम्बिएका अन्य विकल्प खोज्नुपर्ने थियो ।

**यम बहादुर खत्री, मातृभूमि माध्यमिक विद्यालय प्रधानध्यापक** : पालिकाले विद्यालय शिक्षा सुधारमा ध्यान दिनुपर्ने देखिन्छ । लगानी बढाएमा विद्यार्थीहरूको नतिजामा सुधार आउँछ, कतिपय विद्यालयमा अझैपनि धुले कक्षा कोठा छन्, भौतिक पुर्वाधार सुधारमा ध्यान दिनुहोला । विद्यालयको पालिकाबाट नियमित अनुगमन बढाउनु पर्ने देखिन्छ । अर्को बिषय सहकारीको अध्यक्षको भएकाले सहकारीमा पुराना विनियमहरू परिमार्जन गरी पालिकाबाट सहकारीको अनुगमन बढाउनु पर्ने छ । सहकारीमा बचतकर्ताको ठूलो रकम छ यदी कुनै करणले सहकारीमा जोखिम देखिएमा बचतकर्ता अप्ठारोमा पर्ने भएकाले निगरानी बढाउन सुझाव छ । हुमिनदेखि पूर्वखोलासम्म आउने सवारी भाडादर समायोजनमा पहल गर्नुपर्ने देखिन्छ ।

**निलकण्ठ न्यौपाने, स्थानीय समाजसेवी** : विरकोट-खल्डुकभञ्ज्याङ्गदेखी पालिकासम्म जोड्ने सडकमा लामो समयसम्म स्तरउन्नती हुन सकेको छैन त्यसैले बजेटको व्यवस्थापन गरेर सडक निर्माण गरौं । पालिकाले दिने सेवामा निष्पक्षता, आर्थिक सुशासन कायम भएको र नैतिक मूल्यमान्यतामा आधारिता हुनुपर्दछ । नेपाली भाषा बिस्तारै अशुद्ध बन्न थालेको छ त्यसैले विद्यालयमा नेपाली भाषाको सही व्याकरण सिकाउने बारेमा ध्यान दिन जरुरी छ । पालिकाको नाम सबैतिर फैलिने गरी जनप्रतिनिधि र कर्मचारी दुवै पक्षबाट सेवाप्रवाह हुन जरुरी छ ।

**रमेशचन्द्र न्यौपाने, सरस्वती माध्यमिक विद्यालय प्रधानध्यापक :** विद्यालयमा शिक्षकहरूको तलब र विद्यार्थीहरूको दिवा खाजा रकम समयमै निकासा नहुदा अप्ठारो परेको छ । विद्यालयको रंगरोगन गर्न वा सामान्य मर्मतलाई पनि विद्यालयसँग बजेट नभएकाले त्यसको व्यवस्थापन भए राम्रो हुने थियो । सबै विद्यालयमा एसइई लक्षित गरेर कोचिङ्ग शिक्षा र आवासिय कार्यक्रम सञ्चालन गर्नुपर्ने छ तर त्यसका लागी बजेट अभाव छ । यसमा पालिकाबाट सहयोगको अपेक्षा छ ।

**प्रेम बहादुर बारघरे, गणपति माध्यमिक विद्यालय प्रधानध्यापक :** विद्यालयले सञ्चालन गरेको होस्टेल कार्यक्रमलाई पालिकाबाट सहयोग दिन अनुरोध छ । विद्यालयको नतिजा सुधारको लागी होस्टेल अनिवार्य बनेको छ । विरकोटमा बाटो निर्माण गर्दा निर्माण व्यवसायीले ढुङ्गा निकाल्ने कार्य भयो त्यसले स्थानीयलाई जोखिम बनाएको छ । निर्माण व्यवसायीसँग कस्तो सहमति भएको थियो रोकथामको काम भएको छैन यसको समाधानको लागी पालिकाले पहल गर्नुपर्ने देखिन्छ ।

**हरि प्रसाद न्यौपाने, क्याम्पस प्रमुख उद्बुद्ध कलेज** : पूर्वखोला गाउँपालिका भित्र नसर्ने रोगको अवस्था जटिल बन्दै गएकोले यस बारेमा जनचेतना गाउँ बस्तीस्तरसम्म लौजानु पर्ने देखिन्छ । यस्ता रोग न्यूनिकरण गर्नमा ध्यान केन्द्रित गर्नुपर्दछ होला । समुदायस्तरमा मनोपरामर्शका कार्यक्रम पनि सञ्चालन गर्न जरुरी छ त्यसमा ध्यान दिनुहोला । यहाँ कलेजमा पढ्ने विद्यार्थीहरूलाई पढ्दै रोजगारी गर्दै गर्ने वातावरण बनाउन सकिए बाहिर जाने विद्यार्थीलाई गाउँमै राख्न सकिने थियो । नेपाल रेडक्रस सोसाइटी पाल्पासँग बल्डबैंक सञ्चालनमा सहकार्य गरिएको धन्यवाद छ ।

**पदम बहादुर थापा, अध्यक्ष उद्बुद्ध माध्यमिक विद्यालय :** पालिका भित्रका एसइई दिने विद्यार्थीहरूको लागी विद्यालयहरूमा होस्टेलको व्यवस्था गर्नका लागि बजेट विनियोजन गर्न आवश्यक छ । सबै विद्यार्थी होस्टेल बस्न सकेका छैनन् । आर्थिक अवस्था कमजोर भएका र टाढाबाट आउने विद्यार्थीलाई होस्टेल पालिकाले सुविधा दिएमा बसेर पढ्दा राम्रो नतिजा आउने भएकोले यसमा बिशेष पहल होस् ।

**सम्झना न्यौपाने, सामुदायिक वन उपभोक्ता महासंघ प्रतिनिधि :** पालिकासँग पुर्वखोला बजारमा प्लाष्टिक तथा फोहोर संकलन गर्न पटक पटक अनुरोध गरेपनि दिगो समाधानको खोजी गरिएको छैन । वडा र पालिकाले नियमित फोहोर संकलनका लागी गाडीको व्यवस्थापन गर्न आवश्यक छ । पूर्वखोला बजार फोहोर व्यवस्थित गर्ने योजना आवश्यक छ ।

**चुरा बहादुर सुनार, स्थानीय बासिन्दा :** ज्याले भन्नेमा पाँचबर्षदेखी मोटरबाटो अधुरो रहेको छ । यो अधुरो मोटरबाटोलाई बजेटको व्यवस्थापन गरिदिनु पर्‍यो । स्वास्थ्य चौंकीमा उपचार गर्न जादा प्रेसर र सुगरको औषधी पाउन सकिन कहिलोसम्म व्यवस्था हुन्छ । बुढाबुढीलाई आवश्यक औषधीहरू पालिकाले व्यवस्थापन गरे राम्रो हुने थियो ।

**देवी भट्टराई, स्थानीय बासिन्दा :** गाउँपालिकाले वितरण गरेको तोरी, मकैंको बीउ बिजन गुणस्तरीय नभएको गुनासो छ । बजेट खर्च हुन्छ तर गुणस्तरीय वा पहिलो नम्बरको बीउ बिजन वितरण गर्न ध्यान दिनुपर्दछ । किसानले दुःख गर्ने तर राम्रोसँग नउम्रिने र दाना नलाग्ने समस्या देखिएको छ । बीउकै उत्पादनमा कमि आउने गरेको छ ।

**ईन्द्र बहादुर मगर, स्थानीय बासिन्दा :** घर नजिकैको गहिरामा वाल र ग्याविन बनाउनु पर्नेछ । पटक पटक पालिकालाई भनेको छु मेरो आवाजको सुनुवाई भएको छैन अध्यक्ष ज्यू । यो समस्याको समाधान हुने अपेक्षा छ ।

**डिल्ली पंगेनी, स्थानीय पत्रकार :** विद्यालय समायोजन राम्रोसँग भएको छैन । विद्यालयमा ……….सुविधा पुगेको छैन । शिक्षाको गुणस्तर खस्कदो रहेको देखिन्छ । एक घर एक धारा खानेपानी योजनाहरू अलपत्र परेको छ । देउराली-तामाखानी मोटरबाटोको टेण्डर कहिले हुन्छ ? । ४ बर्ष अगाडी निर्माण शुरु भएको लाम्दी खोला ट्रस पुल सम्पन्न हुन सकेको छैन यसमा ध्यान दिनुपर्ने छ ।

**मेघराज न्यौपाने, स्थानीय बासिन्दा :** खानेपानीको समस्या ग्रामिण भेगमा छ । प्रमोदराक्सेछाप्दी खानेपानीको लागी गतबर्ष बजेट परेपनि केही प्रतिशत काम भयो तर अहिले बजेट परेको छैन भन्ने सुनिएको छ । अहिले काम रोकिएको योजना अधुरो भएको छ यसमा ध्यान दिनुहोला । बुटवलदेखी पूर्वखोलासम्मको गाडी भाडा बढी छ समायोजनका पहल गर्नुपर्‍यो । गतबर्ष वितरण भएको सुन्तलाका बिरुवा गुणस्तरीय थिएन धेरै बिरुवा सर्न सकेन किन यसमा ध्यान नदिएको जवाफ चाहान्छु ।

**तोयनाथ आचार्य, स्थानीय बासिन्दा :** पालिकामा सेवाग्राही सेवा लिन टाढाटाढाबाट आउदा कागजात नमिलेको भन्दै फिर्ता हुनु परेको छ । समिति बनाएर आयो तर नपुगेको बिषयमा वडा र पालिका दुवै सहजिकरण गरिदिनु पर्दछ । पालिका भित्र नागरिक सहायता केन्द्र सञ्चालन गर्न सुझाव छ ।

**भानुक्त रेग्मी, स्थानीय बासिन्दा :** खानेपानीको पाइप माग गरिएको तर पाउन सकिएको छैन । पालिकाले र वडाले समुदायस्तरका समस्या सम्बोधन गरौं । गाउँस्तरमा रहेका कच्चा सामग्रीमा आधारित उद्योग वा उत्पादन बढाउने बिषयमा ध्यान दिनुपर्ने देखिन्छ । जस्तै कपास खेती वा निर्यात् हुने बस्तु उत्पादन गरौं । बाहिरबाट किनेर मात्र खाने काम भन्दा गाउँमै कृषि उत्पादन बढाउने गरी योजना कार्यक्रम ल्याउनु पर्ने सुझाव छ ।

## सहभागीहरूले राखेका जिज्ञाशाहरूको सम्बोधन

**गाउँपालिका अध्यक्ष नुन बहादुर थापाले कार्यक्रमा सहभागीबाट आएको गुनासलाई सम्बोधन गर्ने क्रममा :** सार्वजनिक सुनुवाईमा जनताबाट आएका गुनासा र सुझावहरूलाई लिपिवद्ध गरेर सम्बोधन गरिने छ । पारदर्शीता जवाफदेहिताको लागी सार्वजनिक सुनुवाई महत्वपूर्ण कडी रहेको छ । पालिकाले शुसासन जवाफदेहितालाई प्राथमिकता दिएर काम गरेको छ । टोलबस्ती, वडा र विषयगत समितिबाट कार्यपालिकासम्म आईपुग्दा जनताका ४ अर्ब बराबरका योजना कार्यक्रम माग भएको हुन्छ । तर बजेटको सिमितताले सबैको राय सुझाव, परामर्शबाट योजनाहरूको प्राथमिकरण गरेर नीति कार्यक्रम मार्फत बजेट निर्माण गरिएको छ । कुनै दलबाट चुनाव जितेर आएपनि पालिकामा आफ्नो लागी सबै बराबर हुने गरी काम गरेका छौं । शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन पुर्वाधार सहितको पूर्वखोला निर्माणमा हामी जनप्रतिनिधिहरू लागेका छौं ।

**गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत राजु नेपालले सहभागीहरूको प्रश्नहरूलाई सम्बोधन गर्दै :** पालिकाको सेवाप्रवाह बारेमा सेवाप्रवाह बुकलेट बनाउने र जसबाट डिजिटल माध्यमबाट नागरिकको मोवाइलसम्म पुऱ्याउने उल्लेख गर्नुभयो । उपभोक्ता समितिलाई तालिम दिनेक्रममा योजना सम्झौता, कार्यान्वयन, अनुगमन र फरफारकको बारेमा सिकाएका छौं । वडा वडाबाट पालिका केन्द्रसम्म चल्ने सवारी साधनको नियमित सञ्चालनको लागी श्रीनगर यातायात समितिसँग कुराकानी गरेपनि निर्ष्कष आएको छैन । सुन्तलाको बिरुवा किसानको मागको आधारमा वितरण गरिएको छ । किसानहरूले फलानो जातको बिरुव भनेमा त्यही अनुसारको बिरुवा र बीउ बिजनमा गर्ने त्यसमा पालिकाले सुधार गर्ने जनाउनु भयो । शिक्षकहरूको तलब पालिकाको खातामा आउने बित्तिकै विद्यालयलाई पठाएका छौं निकासा नै ढिला भएकाले तलब पठाउन ढिला भएको हुनसक्छ । विद्यालय अनुगमन गर्ने योजना छ अब नियमित गरिनेछ । उहाँले आएका सुझाव र गुनासाहरूलाई कार्यपालिका बैठमा छलफल गरेर आगामी बर्ष यस्ता बिषयहरू सम्बोधन गरिने उल्लेख गर्नुभयो ।

## सार्वजनिक सुनुवाईको उपलब्धी

- सार्वजनिक सुनुवाई कार्यक्रमले सेवाग्राही र सेवा प्रदायक बीच अन्तरक्रिया गरेर भएका राम्रा पक्षको जानकारी लिने र दिने गरियो । सुधार गर्नुपर्ने बिषयमा आवश्यक सल्लाह र सुझावहरू प्रदान गर्ने मौका मिल्यो ।

- गाउँपालिकाले आफ्नो सेवाप्रवाह, कार्यक्रम र बजेट देखिएका समस्याहरु सुधार गर्ने प्रतिवद्धता जनाएको छ । गाउँपालिका र स्थानीय समुदाय बीच देखिएको सूचनाको ग्याप र मतभेद कम गर्ने अवसर भएको छ ।
- गाउँपालिकालाई स्थानीय बासिन्दाले हेर्ने दृष्टिकोण पत्ता लगाउन सहज भएको छ र आगामी दिनमा सेवा प्रवाहमा सुधार गर्न सकारात्मक सुझावहरू प्राप्त भएका छन् ।
- गाउँपालिकाका कर्मचारी र जनप्रनिधिहरूबाट भएका सकारात्मक कार्यको प्रशंसा भएको छ । पालिकाले गरेका कमजोरीहरूलाई सच्चाएर अगाडी बढ्नका लागी मार्गनिर्देशन प्राप्त भएका छन् ।
- सेवाग्राहीहरूमा भएका असन्तुष्टीहरूलाई सम्बन्धि पक्षसम्म पुऱ्याउने अवसर मिलेको छ । जसले आगामी दिनमा सुधारको मौका मिलेको छ ।

## सार्वजनिक सुनुवाईको फोटोहरू















**सार्वजनिक सुनुवाईको समाचार**



नवजनचेतना दैनिक ☐ वर्ष ३१ अंक ९६१

# पूर्वखोला गाउँपालिकाको सार्वजनिक सुनुवाई

कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## सहजिकरण गर्ने संस्थाको विवरण :

<table>
<tr><td>संस्थाको नाम</td><td colspan="2">पाल्पा विकास केन्द्र</td></tr>
<tr><td>ठेगाना</td><td colspan="2">तानसेन नगरपालिका-२, पाल्पा</td></tr>
<tr><td rowspan="2">संस्थाको दर्ता नं./दर्ता मिति</td><td colspan="2">११७/०६५ जि.प्र., २०६५ चैत्र २५ गते</td></tr>
<tr><td>२७४३४/०६६ (समाज कल्याण परिषद)</td><td>११७/०६६ गैसस, पाल्पा</td></tr>
<tr><td>कार्य अनुभव</td><td colspan="2">पालिकाहरूको सार्वजनिक सुनुवाई, मिडिया व्यावस्थापन, सामाजिक परीक्षण, क्षमता विकास र सामाजिक परिचालनको क्षेत्रमा काम गरेको अनुभव रहेको छ ।</td></tr>
</table>

*पाल्पा विकास केन्द्र,*
*तानसेन*